

विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष–१४ ।। अङ्क : २९८ ॥ २०७९ पौष ०७ गते बिहिबार (22nd Dec 2022 Thursday) **Pratidin** National Daily dN0-?:%÷-

# देउवाको भाग्यमा नेपालीको अहोभाग्य



झापा(प्रस) । प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा चौथो पटक पार्टीको संसदीय दलको नेता बनेका छन् । हाल पाँचौँ पटक प्रधानमन्त्री रहेका देउवा संसदीय दलको नेतामा निर्वाचित भएसँगै अब छैटौँ पटक प्रधानमन्त्री बन्ने बाटो खुलेको छ ।

प्रतिनिधिसभामा ठूलो दलका रूपमा रहेको कांग्रेसका सभापति देउवा अब वर्तमान सत्ता गठबन्धनमा बहुमतको गणित पुऱ्याएर प्रधानमन्त्री बन्ने दाउमा छन् । बुधबार भएको निर्वाचनमा देउवाले ६४ मत ल्याए भने अर्का उम्मेदवार महामन्त्री गगन थापाले २५ मत पाएका छन् । ०५१ सालमै तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले युवा नेता देउवालाई संसदीय दलको नेतामा अघि सारेका थिए । दलको नेता भएकै कारण उनी ४९ वर्षको उमेरमै देशको प्रधानमन्त्री बनेका थिए । पार्टीभित्रको समीकरणमा तत्कालीन सभापति कोइराला र नेता कृष्णप्रसाद भट्टराईको द्वन्द्वका कारण देउवाले दोस्रो र तेस्रो पटकसमेत प्रधानमन्त्री बन्ने मौका पाए ।

०६२/६३ को परिवर्तनयता पनि देउवा दुई पटक प्रधानमन्त्री भइसकेका छन् । ०६४ र ०७० का दुवै संविधानसभा निर्वाचनमा संसदीय दलको नेतामा प्रतिस्पर्धा गरेपनि पराजित भएका देउवा ०७२ मा पार्टीको सभापति निर्वाचित भएपछि भने निरन्तर सभापति र दलको नेता छन् । ०७४ मा देउवाले संस्थापनइतर समूहका प्रकाशमान सिंहलाई पराजित गरेका थिए । यसपटक संसदीय दलको निर्वाचनमा उनलाई ३० वर्ष कान्छा महामन्त्री थापाले चुनौती दिएका थिए भने उनीविरुद्ध नेता शेखर कोइराला, पार्टी उपसभापति धनराज गुरुङ, अर्का महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री जीवन परियार र बद्री पाण्डे, नेता प्रदीप पौडेललगायतको मोर्चाबन्दी थियो । सभापति देउवा संसदीय दलको नेतामा निर्वाचित भएपछि अब उनको नेतृत्वमा सत्ता गठबन्धनको सरकार गठनका लागि बाटो खुला भएको छ ।
देउवाले गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीसहित दलहरुलाई संसदीय दलको नेता चयन भइसकेपछि शक्ति बाँडफाँट गर्ने आश्वासन दिदैँ आएका थिए । देउवा दलको नेता चुनिएपछि अब गठबन्धनमा शक्ति बाँडफाँट र नयाँ सरकार गठनको छलफल सुरु भएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ को उपधारा २ बमोजिम सरकार गठनका लागि आइतबार बेलुका ५ बजेसम्मको समय दिएकी छिन् ।

यसैबीच प्रधानमन्त्री देउवा र अर्थमन्त्री जनार्दन शर्माबीच भेटवार्ता भएको छ। संसदीय दलको नेतामा चयन भएलगत्तै देउवालाई बधाई दिन बालुवाटार पुगेका अर्थमन्त्री शर्माले सत्ता समीकरणका विषयमा पनि छलफल गरेका छन्।
यही गठबन्धनलाई जोगाउँदै नयाँ सरकार बनाउनुपर्ने अर्थमन्त्री शर्माले प्रधानमन्त्री देउवालाई सुझाव दिएका थिए। त्यसका लागि उनले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई पहिले सरकारको नेतृत्व दिनुपर्ने आग्रह गरेका छन्।

# बाह्रदशीमा श्रृंखलाबद्ध चोरी



झापा(प्रस) । झापाको बाह्रदशी गाउँपालिका वडा नम्बर ४ मा रहेको स्वास्थ्य चौकीमा चोर पसेकै रात बाह्रदशी गाउँपालिकाको मोटरसाइकल समेत चोरी भएको छ । पशु सेवा शाखाका प्रमुख देवकुमार यादवले प्रयोग गर्दै आएको प्र. १ ब. १०३२ नम्बरको पल्सर मोटरसाइकल मंगलवार राति चोरी भएको हो । राजगढ घर भएका यादव बाह्रदशी ५स्थित शोभा धमलाको घरमा गाईको उपचार गर्न गएका थिए । रात निकै

❖ बाँकी अन्तिम पृष्ठमा

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय**
भद्रपुर, झापा।

**सम्पूर्ण खाद्य तथा दाना व्यवसायीहरुलाई सूचना**

खाद्य/दाना पदार्थको प्रशोधन, प्याकेजिङ्ग गरि बिक्री वितरण गर्ने उद्योगहरुले खाद्य ऐन २०२३को दफा ४(ख) तथा खाद्य नियमावली २०२७ को नियम २४,एवं दाना ऐन २०३३ को दफा ७र दाना पदार्थ नियमावली, २०४१ को नियम १८ बमोजिम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा अन्तर्गतका कार्यालयहरुबाट अनिवार्य रुपमा अनुज्ञापत्र लिनु पर्ने तथा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र नवीकरण गरेर मात्र खाद्य तथा दाना पदार्थ उत्पादन तथा बिक्री वितरण गर्नु व्यवस्था भएको व्यहोरा सरोकारवाला सवैलाई जानकारी गराईन्छ। थप जानकारीको लागि सम्पर्क

**मो: ९८५२६५६१११**




# भद्रपुरका जग्गाधनीले पाउने भए मुआब्जा

झापा(प्रस) । भद्रपुर भन्सार कार्यालयले अधिग्रहण गर्ने जमिनको मुआब्जा तथा क्षतिपूर्ति रकम निर्धारण गरेको छ। भद्रपुर भन्सारको विस्तारसँगै नयाँ भौतिक संरचना निर्माणका लागि भन्सारको पूर्वपट्टिको जमिन लिन लागेको हो ।
पीडित बनेका जग्गाधनीहरूको लामो संघर्षपश्चात् जिल्ला प्रशासन कार्यालय झापाले बुधवार मुआब्जासम्बन्धी १५ दिने सार्वजनिक सूचना निकालेको छ । भद्रपुर नगरपालिका २ हाल वडा नम्बर ५ मा पर्ने जमिन अधिग्रहण गरिने घरजग्गाहरूको मुआब्जा निर्धारण गर्न जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ बमोजिम गठित समितिको बैठकले मिति २०७९ मंसिर २३ गते मुआब्जा तथा क्षतिपूर्तिको रकम निर्धारण गरेको हुँदा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ बमोजिम सरोकारवाला सबैको जानकारी लागि सूचना प्रकाशन गरिएको प्रशासन कार्यालयको सूचनामा उल्लेख छ ।
सूचनामा प्रकाशित नामावलीमा चित्त नबुझ्ने व्यक्तिले आजको मितिदेखि १५ दिनभित्र गृह मन्त्रालयमा उजुर गर्न सक्ने जनाइएको छ । सूचना १०९ वटा कित्ता रहेको जग्गाधनीका लागि जमिन र घरटहराको छुट्टाछुट्टै मूल्याङ्कन गरी रकम समेत तोकिएको छ । भद्रपुर-गलगलिया सीमा नाका जोड्ने मेची पुल सञ्चालनमा आएलगतै सरकारले २०७५ भदौ १ गतेदेखि छोटीबाट स्तरोन्नति गर्दै भद्रपुर भन्सार कार्यालयलाई मूल भन्सारमा परिणत गरेको थियो । भन्सार विभागले २०७६ बैशाख १७ गते स्थानीयको नम्बरी

❖ बाँकी अन्तिम पृष्ठमा

# खाद्य कम्पनी बिर्तामोडले धान किन्न शुरु गर्दै

झापा(प्रस) । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको बिर्तामोड शाखाले अर्को सातादेखि धान खरिद गर्ने भएको छ । शाखाले एक सूचना जारी गरी आगामी बुधवारदेखि किसानका धान खरिद गर्ने जनाएको छ ।

मध्यम(सोना मंसुली) धान प्रतिक्वीन्टल ३ हजार १२८ र रंजित धान प्रतिक्वीन्टल ३ हजार १२८ रुपैयाँ कम्पनीको मुख्य शाखा कार्यालय भगवान चौक बिर्तामोड-१ मा खरिद कार्य सुचारु हुने कार्यालय प्रमुख देवेन्द्र राईले जनाएका छन् । सूचनामा धान तौलाई, चौकाईसम्बन्धी सम्पूर्ण खर्च कम्पनीले नै व्यहोर्ने ,धान घुन किरा नलागेको तथा अन्य बाह्य पदार्थ तथा अन्य धान नमिसिएको हुनु पर्ने ,धान खरिद कार्य सार्वजनिक बिदाको दिनबाहेक हरेक दिन



बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सुचारु रहने ,धान बिक्री गर्ने किसानले अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि ल्याउनुपर्ने ,धान बिक्री गर्ने किसानले सम्बन्धित वडा कार्यालयको किसान पहिचानको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने ,धान बिक्री गर्ने किसानले सम्बन्धित गाउँपालिका, नगरपालिकाको कृषि शाखा वा कृषि ज्ञान केन्द्र कार्यालयको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने व्यवस्था रहेको राईले बताएका छन् ।
केही दिनअघि धानको समर्थन मूल्य कार्यान्वयनको माग गर्दै किसानले त्यस कार्यालयमा तालाबन्दी गरेका थिए ।

प्रथम सँगै समबृद्धि
**प्रथम बहुउद्देश्यीय सहकारी संस्था लि.**
**PRATHAM MULTIPURPOSE CO-OPERATIVE LTD.**
Head Office : Birtamode-04, Jhapa | Ph.: 023545299/545499 | Email: info@prathamsahakari.com.np

**१० औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

मिति : २०७९/०९/०६
यस संस्थाको १० औं वार्षिक साधारणसभा तपशिल बमोजिम हुने भएकाले तोकिएको मिति र स्थानमा उपस्थित भईदिनु हुन अनुरोध छ ।

| मिति | इकाई, क्षेत्र | समय | स्थान |
|---|---|---|---|
| २०७९/०९/१५ | शिवगञ्ज | बिहान ८ बजे | शिवगंज, कार्यालय परिसर |
| २०७९/०९/१६ | राजगढ, फुलवारी, धेरावारी | बिहान ८ बजे | कार्यालयको सभाहल |
| २०७९/०९/१६ | धैलाडुब्बा, लक्ष्मीपुर | दिनको १२ बजे | जेष्ठ नागरिक भवन, धैलाडुब्बा |
| २०७९/०९/१७ | बनियानी, केचना, बालुवाडी | बिहान ८ बजे | सामुदायिक भवन |
| २०७९/०९/१७ | सगरमाथा, ग्यानेचौक | दिनको १२ बजे | महिला सामुदायिक भवन |
| २०७९/०९/१८ | शरणामती,चम्पापुर, झापा बजार | बिहान ११ बजे | जेष्ठ नागरिक भवन, शरणामती |
| २०७९/०९/१९ | बिर्तामोड, शैनिकमोड, अर्जुनधारा | बिहान ८ बजे | सिटी होटेल |

इकाई सभाबाट चुनिनुहुने प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा :- मिति २०७९ पौष २३ गते शनिबार ११ बजे सिटी पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

# हात्तीको आक्रमणबाट ५६ जनाको मृत्यु

झापा(प्रस) । झापामा १० वर्षको अवधिमा हात्तीको आक्रमणमा परी ५६ जनाको मृत्यु भएको छ । सोही अवधिमा १६ वटा हात्ती समेत मरेका छन् । जिल्लाका विभिन्न सामुदायिक वनमा रहेका १३ वटा रैथाने र भारतबाट आउने जंगली हात्तीको आक्रमणबाट उनीहरूको मृत्यु भएको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

जंगलमा निगुरो टिप्ने, घाँस, दाउरा गर्ने र कतिपयको रातको समयमा हात्तीले घरमै आक्रमणबाट गर्दा ज्यान गएको डिभिजन वन कार्यालयका प्रमुख जीवनप्रसाद पाठकले जानकारी दिए । उनका अनुसार मंगलबार मात्र बाख्रालाई घाँस काट्न जंगल गएका बाह्रदशी गाउँपालिका-१ का ३७ वर्षीय जगतबहादुर भुजेलको हात्तीको आक्रमणमा परी मृत्यु



भएको छ ।

उनी छिमेकी गाउँपालिका कचनकवल-१ मा रहेको पश्चिम देउराली सामुदायिक वनमा बाख्रालाई घाँस काट्न गएका थिए । घाँस लिएर घर फर्कने क्रममा भुजेललाई मंगलवार अपरान्ह हात्तीले कुल्चेर मारेको डिभिजन वन कार्यालयका प्रमुख पाठकले भनाइ छ । सोही वडाका ८० वर्षीय देवीबहादुर अधिकारीको गत भदौ १५ गते हात्तीले नै कुल्चेर मृत्यु भएको थियो ।

**भुजेलको शव साढे ४ घण्टापछि उठाइयो**

जंगली हात्तीको आक्रमणबाट मृत्यु भएका बाह्रदशी गाउँपालिका- १ का ३७ वर्षीय जगतबहादुर भुजेलको शव साढे ४ घण्टापछि उठाइएको छ ।

मंगलबार दिउँसो ४:२० बजे कचनकवल गाउँपालिका- १ स्थित पश्चिम देउराली चारकोसे सामुदायिक वनमा घाँस दाउरा लिएर फर्किने क्रममा भुजेललाई वनसँग जोडिएको यज्ञ ओलीको खेतबारीमा सोही सामुदायिक वनबाट निस्किएको जंगली हात्तीले आक्रमण गरेको थियो । आक्रमणबाट उनको घटनास्थलमै मृत्यु भएको थियो । घटनापछि शव आसपास ३-४ वटाको संख्यामा हात्ती आएर बसेका थिए । हात्तीका कारण प्रहरीले शव उठाउन सकेको थिएन । त्यसपछि वन डिभिजन कार्यालय र प्रहरीले साइरन बजाउनुका साथै अनेक उपाय लगाएर घटनास्थलबाट हात्ती धपाउन साढे ४ घण्टा लाग्यो । हात्ती गएपछि मात्र प्रहरीले राति ९ बजेतिर शव उठाएको जिल्ला प्रहरी कार्यालयका डीएसपी बसन्त पाठकले बताए । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । झापामा यस वर्षको ९ महिनामा हात्तीको आक्रमणमा परी चार जनाको मृत्यु भइसकेको छ ।

### भद्रपुरका...

जमिन अधिग्रहण गर्ने निर्णय गरेको र २०७७ साउन २७ गते सूचना प्रकाशन गरी जिल्ला मालपोत तथा भूमिसुधार कार्यालयमा अधिग्रहणमा परेका सबै जमिन रोक्का राखेको थियो । रोक्का राखेको जमिन



भन्सारले लिन ढिलासुस्ती गरेपछि स्थानीय जग्गाधनीहरू पटकपटक आन्दोलित बनेका थिए । उनीहरूले भन्सारमा तालाबन्दी गर्नुका साथै प्रशासन कार्यालय झापालाई समेत लिखित र मौखिक ध्यानाकर्षण गराएका थिए ।

# जबराद्वारा ज्येष्ठ सदस्यको पदभार ग्रहण

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा प्रतिनिधिसभाका सदस्य पशुपतिशमशेर जबराले ज्येष्ठ सदस्यको पदभार ग्रहण गरेका छन् । सिंहदरबारस्थित संसद् सचिवालयमा पुगेर जबराले बुधबार पदभार ग्रहण गरेका हुन् । उनले त्यसअघि राष्ट्रपति निवासमा ज्येष्ठ सदस्यको हैसियतमा पद तथा गोपनियताको शपथग्रहण गरेका थिए । ज्येष्ठ सदस्य जबराले नवनिर्वाचित सांसदलाई शपथग्रहण गराउने र सभामुख चयन नहुँदासम्म प्रतिनिधिसभा बैठकको अध्यक्षता गर्नेछन् ।

पदभार ग्रहणपछि सञ्चारकर्मीहरुसँगको संक्षिप्त कुराकानीमा उनले भूमिका तटस्थ र स्पष्ट हुनुपर्ने बताए । उनले ज्येष्ठ सदस्यको हैसियतको भूमिकालाई निष्पक्ष राख्ने प्रतिबद्धता जनाए । प्रतिनिधिसभाका ज्येष्ठ सदस्य जबराले देशका लागि राम्रो काम गर्न सबै राजनीतिक दलहरुबीच समन्वयात्मक भूमिका निर्वाह गर्ने पनि बताए । उनले सदनको पवित्र प्रजातान्त्रिक भावना र बहुदलीय स्वरुपलाई अघि बढाउने काम आफूले गर्ने प्रतिबद्धता जनाए । राप्रपाका पूर्वअध्यक्ष समेत रहेका ८१ वर्षीय जबरा प्रतिनिधिसभामा सबैभन्दा बढी उमेरका सांसद हुन् । गत मंसिर ४ गतेको निर्वाचनबाट निर्वाचित संघीय सांसदहरूलाई बिहीबार जबराले शपथग्रहण गराउनेछन् । संसद्ले नयाँ सभामुख चयन नगरेसम्म राणाले नै संसद् को अध्यक्षता गर्नेछन् । यसैबीच



२६ जना नवनिर्वाचित सांसदहरूले मातृभाषामा शपथग्रहण गर्ने भएका छन् । बिहीबार हुने शपथग्रहण समारोहका लागि उनीहरूले यसअघि नै आफूले शपथ ग्रहण गर्न चाहेको मातृभाषा उल्लेख गराएका थिए ।

उर्दु, तामाङ, भोजपुरी, अवधि, थारु, मैथलीलगायत मातृभाषामा उनीहरूले शपथ ग्रहण गर्ने भएका हुन् । जसअनुसार भोजपुरीमा तीन जना सांसदले शपथ लिने भएका छन् । यस्तै, तीन जनाले तामाङ भाषामा शपथ लिनेछन् ।

मैथली भाषामा तीन जनाले शपथ लिने छन् । यस्तै सन्याली, नेपाल भाषा, कोयू भाषालगायत अल्पसंख्यक समुदायले बोल्ने भाषामा पनि एक/एक जना सांसदले शपथ लिने भएका छन् । साथै, एक/एक जना सांसदले हिन्दी र संस्कृत भाषामा पनि शपथ लिने भएका छन् ।

### बाह्रदशीमा...

परेकाले यादव सोहि घरमै बसेका थिए । 'रातको १ बजेसम्म रहेको बाइक बिहान ४ बजे हेर्दा राखेको ठाउँमा थिएन' यादवले भने । धमला बाह्रदशी कृषि शाखामा कार्यरत कर्मचारी समेत हुन् । मंगलवार राति नै चोरले वडा नम्बर ४ मा रहेको स्वास्थ्य चौकीको गेटको ताला तोडेर दराज फोरेका छन् । मुलगेटको ताला तोडेर कार्यालयमा भएका सम्पूर्ण दराज र घर्रा खोलिएको चकचकी स्वास्थ्य चौकीका इन्चार्ज रामनारायण शर्माले जानकारी दिए । कार्यालयमा भएका ल्यापटपलगायतका सामान भने सकुशल रहेको छ । चोरले लान खोजेको के हो भन्ने बुझ्न नसकेको शर्माले बताए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

छालासँग सम्बन्धीत सबै रोगहरुको उपचार



Dermatology & Aesthetics Clinic
Treatment for any Skin Disorders
- सुन्दरता, छालाको हेरचाह, घामबाट सुरक्षा
- चायाँ, पोतो, डण्डिफोर, चाउरिपन, तिलकोठी
- दाद, घमौरा, सेतो/छिर्के दुवि, एलर्जी, सुख्खापन
- कोठी, मुसा, गाठागुठी, बोसोको डल्लो
- कालोपन, घाँटी, काछ, काखी, आँखाछेउ
- कपाल झर्ने, इन्फेक्सन, हागाँ पलाउने, रौंहरु
- यौनरोग, यौन दुर्लभता
- नङ इन्फेक्सन, ढुसी, चोटपटकको खद
- टाटु, चोटपटक, दाग, आगोले पोलेको खदहरु
- पसिना धेरै आउने, गन्हाउने, हात खुट्टा चिरा पर्ने
- कुष्ठ रोग, लाटो फुस्रो दाग, छालाको रक्त नलि
- कपाल प्रत्यारोपण
- छालाको बाथ र क्यान्सर जाँच तथा उपचार

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक
एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.



OUR EXPERT
डा. दिपायन पाण्डे
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
MD-DERMATOLOGY (BPKIHS)
MBBS (BPKIHS)
NMC NO.: 13317
DOCTOR VISIT DATE
प्रत्येक बिहिबार (स्किन हस्पिटल दमकबाट)
बिहान १० बजे देखि
यसपटक ०७ गते बिहिबार
Bhadrapur Road, Opposite to Yamaha Showroom
Birtamode, Jhapa, Nepal
For Appointment
023-531242, 9817094601

### विद्यार्थीमाथि...

बहिष्कार गरेका छन् । मंसिर २१ गते नै भएको घटनाको समाधानमा विद्यालय व्यवस्थापन समितिले भने पुष ४ गतेबाट मात्रै पहल गरेको विद्यार्थीको भनाई छ । लामो समयसम्म छलफल नहुँदा पढाईमा असर गरेको एक विद्यार्थीले बताएका छन् ।

विद्यालय व्यवस्थापन समितिले मंगलवार विद्यार्थी, शिक्षक, शिक्षक अभिभावक संघ, नगर शिक्षा शाखा र जनप्रतिनिधिसहितको छलफल राखेको थियो । उक्त छलफलले प्रअलाई राजीनामा गर्न लगाईसकेको शिक्षक सोमनाथ गौतमले जानकारी दिए । विद्यालयको प्रअको जिम्मा शिक्षक छविराज रेग्मीलाई दिइएको छ ।

दुई दिनअघि शिक्षक, विद्यार्थीमाथि स्थानीयले पनि कुटपिट गरेको बुझिएको छ । स्थानीयले सोमनाथ गौतम, चम्पा खनाल, छविराज रेग्मी, श्याम दाहालमाथि कुटपिट गरेको भन्दै विद्यार्थीले छानविनको माग राखेका छन् ।

## बिमालेख हराएको सूचना

मेरो २२१००१७२४ नं को बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

बिमित- गोमा नेपाल
सम्पर्क नं. ९८६२६१४९३३

## बिर्तामोड नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बिर्तामोड, झापा

## दरखास्त आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७९।०९।०६**

यस नगरपालिका अन्तर्गतको नगर अस्पतालका लागि तपशिलका पदहरुमा सेवा करार बाट पदपूर्ती गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट दरखास्त लिई तोकिएको समय भित्र दरखास्त दिनुहुन यस सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१

| क्र.सं | विज्ञापन नं. | पद | तह/श्रेणी | माग पद संख्या | सेवा/समुह | सेवा सुविधा |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | विशेषज्ञ चिकित्सक (MDGP) | नवौं | १ | स्वास्थ्य /ज.हे.स | नवौं तहको सुरु तलब स्केल तथा सय प्रतिशत भत्ता र आवास सुविधा |
| २ | ०२/२०७९/०८० | मेडिकल अधिकृत | आठौं | २ | स्वास्थ्य/ज.हे.स. | आठौं तहको सुरु तलब स्केल तथा २५ प्रतिशत भत्ता र आवास सुविधा |
| ३ | ०३/२०७९/०८० | ल्याब टेक्नोलोजिष्ट | सातौं | १ | स्वास्थ्य/मे.ल्या.टे. | सातौं तहको सुरु तलब स्केल |
| ४ | ०४/२०७९/०८० | रेडियोग्राफर | पाचौं | १ | स्वास्थ्य/रेडियोग्राफि | पाँचौं तहको सुरु तलब स्केल |

२.आवश्यक न्यूनतम शैक्षिक योग्यता:

-क विशेषज्ञ चिकित्सकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MD /GP उत्तिर्ण

ख. मेडिकल अधिकृत का मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तिर्ण

ग. ल्याब टेक्नोलोजिष्टका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल प्रयोगशालाबाट स्नातक तह उत्तिर्ण

घ. रेडियोग्राफरका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफिमा प्रविणता तह उत्तीर्ण ।

ङ. माथि उल्लेखित सबै पदका लागि सम्बन्धित परिषद (Council) मा दर्ता भएको हुनुपर्नेछ ।

३. उमेरको हदः- दरखास्त दिने मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

४. परिक्षाको विधिः- अन्तर्वार्ता

५. परिक्षा केन्द्रः बिर्तामोड नगरपालिकाको कार्यालय, बिर्तामोड झापा ।

६.दरखास्त दस्तुरःविशेषज्ञ चिकित्सक (MDGP)का लागि रु १२००,मेडिकल अधिकृतका लागि रु १०००, ल्याब टेक्नोलोजिष्टका लागि रु १०००, रेडियोग्राफर रु ५००/- यस कार्यालयको NIC ASEA Bank बिर्तावजार शाखाको आन्तरिक राजश्व खाता नं. 2462050028354002 वा कार्यालयको राजश्व रकम जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।

७. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः- नागरिकताको प्रतिलिपि,शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि,पासपोर्ट साइजको फोटो एक थान, अनुभव भए अनुभवको प्रमाणपत्र ।

८. दरखास्त पेश गर्ने स्थानः- बिर्तामोड नगरपालिकाको कार्यालय (स्वास्थ्य शाखा), बिर्तामोड झापा ।

९. दरखास्त दिने अन्तिम मितिः-२०७९।०९।२० गते सम्म कार्यालय समय भित्र ( सो दिन बिदा भएमा कार्यालय खुल्ने अर्को दिन)

१०. करार अवधिः-६ महिना र अन्य करार सम्झौतामा उल्लेख भए अनुसार हुने ।

११. परीक्षा मितिः- पछि प्रकाशन गरिनेछ ।

नोटः तोकिएको योग्यता नपुगेको उमेद्धारको दरखास्त फारम स्वीकृत हुनेछैन । दरखास्त फारम र सूचना एवं थप जानकारीका लागि www.bitramodmun.gov.np मा हेर्न र प्राप्त गर्न सकिनेछ ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
### मुख्य शाखा कार्यालय, विर्तामोड, झापा

## धान खरिद सम्बन्धी सूचना

मितिः २०७९/०९/०५

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. मुख्य शाखा कार्यालय बिर्तामोडले यही २०७९ पौष १३ गते बुधबारका दिनदेखि मध्यम (सोना मंसुली) धान प्रति क्वीन्टल रु. ३१२८।- (तीन हजार एक सय अठ्ठाइस रुपैयाँ मात्र) र रंजित धान प्रति क्वीन्टल रु.३१२८।- (तीन हजार एकसय अठ्ठाइस रुपैयाँ मात्र) मा कम्पनीको मुख्य शाखा कार्यालय भगवान चौक बिर्तामोड-१ झापामा खरिद कार्य सुचारु हुने सम्पूर्ण किसान वर्गमा जानकारी गराइन्छ ।

**प्रक्रियाहरु**

- ✓ धान तौलाई, चौकाई सम्बन्धी सम्पूर्ण खर्च कम्पनीले नै व्यहोर्ने छ ।
- ✓ धान घुन किरा नलागेको तथा अन्य बाह्य पदार्थ तथा अन्य धान नमिसिएको हुनु पर्ने छ ।
- ✓ धान खरिद कार्य सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सुचारु रहने छ ।
- ✓ धान विक्री गर्ने किसानले अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि ल्याउनुपर्ने छ ।
- ✓ धान विक्री गर्ने किसानले सम्बन्धित वडा कार्यालयको किसान पहिचानको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने छ ।
- ✓ धान विक्री गर्ने किसानले सम्बन्धित गाउँपालिका, नगरपालिकाको कृषि शाखा वा कृषि ज्ञान केन्द्र कार्यालयको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि**
मुख्य शाखा कार्यालय, बिर्तामोड, झापा
फोन ०२३-५४०२१४

देवेन्द्र राई
कार्यालय प्रमुख

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### पुरानैप्रति छैन उत्साह

**नेपालको प्रधानमन्त्रीमा तिनै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा फेरि पनि दोहोरिदैछन् । कांग्रेसको संसदीय दलको नेतामा निर्वाचित भएपछि उनी छैटौं पटक प्रधानमन्त्री बन्ने बाटो खुलेको हो । निर्वाचन सम्पन्न भएर राजनीतिक दलहरु अहिले नयाँ सरकार बनाउने गृहकार्यमा छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) अनुसार सरकार गठन गर्न राजनीतिक दललाई सात दिनको समय दिएकी छन् । प्रमुख राजनीतिक दलका नेता प्रधानमन्त्रीको लिगलिगे दौडमा छन् । तर, आमजनतामा खासै उत्साह र रौनक देखिँदैन । को प्रधानमन्त्री बन्ला भन्ने जिज्ञासा पनि खासै छैन आमजनतामा । किनकि, जो प्रधानमन्त्री भए पनि यसअघि प्रधानमन्त्री भएर असफल भइसकेका व्यक्ति नै हुने सम्भावना देखिएको छ । त्यसैले जनतामा आशा र भरोसा पलाउन सकेको छैन । निर्वाचनमा कुनै दलले पनि बहुमत ल्याउन सकेन । त्यसैले पनि दुई वा दुईभन्दा बढी दलबाटै सरकार बन्ने स्थिति देखिएको छ । अहिलेको सत्तारूढ गठबन्धन जो ढेढ वर्षको अवधिमा पूर्णरूपमा असफल साबित भइसकेको छ । यसले सरकारले चलाउने कुनै क्षमता राख्न सकेन । यही सरकारका कारण मुलुक कुशासनको बाटोमा हिंडिरहेको छ र विकास प्रक्रिया पनि अवरुद्धजस्तै छ । विडम्बना अहिले पनि यही असफल सरकारमा रहेकाले नयाँ सरकार बनाउने स्थिति देखिएको छ । अतः हालको असफल सरकारको निरन्तरताबाट मुलुक र जनताले विकास, समृद्धि र सुशासन पाउनु 'आकाशको फल आँखा तरी मर् 'जस्तै हुने निश्चित छ ।**

**नयाँ सरकार बन्ने गृहकार्य भइरहँदा आखिर सरकार कसका लागि भन्ने प्रश्न अहिले जबर्जस्त रूपमा उठ्न थालेको छ । सरकार र हाम्रा शासक सधैं आफू र आफूनिकट समूहको मात्रै हित हेर्ने तर आमजनताको हित नहेर्ने भएकाले नागरिक हरेक सरकारबाट लगातार प्रताडित हुँदै आइरहेका छन् ।**

**जनता बिहानदेखि बेलुकीसम्म आवश्यक पर्ने दैनिक उपभोग्यवस्तुमा भएको लगातारको मूल्यवृद्धिबाट आजित छन् । हाम्रा शासक नेतादेखि बजारसमेत बिचौलिया र माफियाको नियन्त्रणमा रहन पुगेका छन् । त्यसैले जनताले सरकार र शासकबाट सेवासुविधा र राहत पाउन सकेका छैनन् ।**




# विकास व्यवस्थापन



• डा. दामोदर रेग्मी

विकास एउटा गतिशील सामयिक अपरिहार्य परिवर्तन हो। यो एउटा यस्तो सकारात्मक परिवर्तन हो, जसले समाजमा प्रगतिउन्मुख परिवर्तनको अपेक्षा राखेको हुन्छ। शाब्दिक अर्थमा विकासले यथास्थितिभन्दा उन्नत, पूर्ण, परिपक्व अपेक्षित अवस्थालाई जनाउँछ । विकासलाई साधारणतया आर्थिक वृद्धिको पक्षसँग हेर्ने र समाहित गर्ने गरेको पाइन्छ। यो एउटा परम्परागत तर बढी चलनचल्तीमा रहेको अवधारणा हो। अर्थशास्त्रीय अवधारणाले विकास भन्नाले कुल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धिलाई विकास भन्ने गरेको छ भने समाजशास्त्रीय अवधारणाले आर्थिक वृद्धि सँगसँगै सामाजिक विकास हुनुपर्ने अपरिहार्य आवश्यकतालाई जोड दिएको छ। विकाससम्बन्धी अवधारणा मानव सभ्यताको विकासक्रमसँगै कुनै न कुनै रूपमा प्रचलित रहँदै आएको भए पनि पश्चिमी युरोपले १८औँ शताब्दीतिर अवलम्बन गरेको पुँजीवादी अवधारणाअन्तर्गतको आर्थिक समृद्धितर्फ उन्मुख हुने रणनीतिपछि विकासको अवधारणाले बढी मूर्त रूप पाउन थालेको देखिन्छ।

सन् १९७० को दशकभन्दा अगाडिसम्म विकास आर्थिक विषयवस्तुसँग बढी सम्बन्धित थियो, जसले प्रतिव्यक्ति आय, कुल राष्ट्रिय उत्पादन, आर्थिक वृद्धिले सामाजिक उपादेयतामा पुऱ्याएको योगदानसँग सम्बन्धित रहेको थियो। तर १९८० को दशकको प्रारम्भसँगै विगतको यो अवधारणामा व्यापक परिवर्तन भएको पाइन्छ। यो परिवर्तित अवधारणाले विकास भनेको अर्थतन्त्रको विकास हो तर यसले गरिबी, असमानता र बेरोजगारी पनि हटाउन सक्नु पर्छ भन्ने मान्यतालाई बढी जोड दिएको छ। यसरी विकासलाई रोजगारी सिर्जनाको संयन्त्रको रूपमा समेत लिने गरिन्छ। विकास एउटा बहुआयामिक प्रक्रिया हो। यो आधुनिकीकरण तर्फको अग्रसरता, गतिशील परिवर्तन, नवप्रवर्तनसहितको उपलब्धिको समिश्रण हो। यो राजनीतिक आर्थिक सामाजिक प्रशासनिक नागरिक स्वतन्त्रता सांस्कृतिक पक्षसँग अन्तरसम्बन्ध राख्ने विषय पनि हो। विकास सामाजिक सद्भाव कायम राख्ने महत्वपूर्ण संयन्त्र पनि हो।

विकास व्यवस्थापन विकासले चाहेको अपेक्षित उपलब्धि प्राप्तिका लागि प्रक्षेपण, संरचना निर्माण, विकास कार्यको परिचालन र विकासको उपलब्धता गराउने एउटा सामूहिक प्रयासको संयुक्त स्वरूप हो। विकासका आवश्यकतालाई साधनस्रोतको उपलब्धताका आधारमा उपलब्धिमा रूपान्तरण गर्नुपर्ने र सामाजिक, प्राविधिक र अन्य सामयिक परिवर्तनको सन्दर्भमा विकासका प्रयासमा पनि तदनुरूप क्रमिक सुधार आउनुपर्ने विषय भएकोले विकास व्यवस्थापन एउटा जटिल विषय पनि हो। सामूहिक प्रयास, समावेशिता, साझा प्रयासको बीचमा तालमेल, साधनस्रोतको उपलब्धता र निरन्तर समन्वय यसका अन्तरवस्तुहरू हुन्। विकास व्यवस्थापन विकास प्रवाहको सकारात्मक तथा पूर्वसक्रिय अवधारणा हो। यसलाई विकास प्राथमिकताको चयन, कार्यान्वयन र उपलब्धि प्राप्तिमा सरोकारवाला बीचको सहस्वामित्व, सहभागिता र समावेशिताको साझा प्रयासको रूपमा समेत लिने गरिन्छ। विकास व्यवस्थापन विकास प्रयासका कार्यमा समन्वय र व्यवस्थापनसँग सम्बन्धित विषय हो। विकास व्यवस्थापनको अवधारणा परम्परागत विकास प्रयासको अवधारणाभन्दा अलि फरक पनि छ। यो एउटा रणनीतिक व्यवस्थापन हो, जसले गरिबमुखी विकास, दिगो विकास, वातावरणमैत्री विकास प्रक्रियालाई मूल लक्ष्य बनाई विकास साझेदार, साधनस्रोत, आन्तरिक र बाह्य सहकर्ताबीच साझा र समन्वयात्मक प्रयासको सुव्यवस्थापनमा जोड दिई विकास प्रयासलाई पारदर्शी र समावेशी बनाउने प्रयास गर्छ। नयाँ सार्वजनिक व्यवस्थापन, व्यवस्थापनवाद, बजार संयन्त्रमा आधारित सार्वजनिक प्रशासन, विश्वव्यापीकरणले निम्त्याएका अवसर र चुनौतीको सन्दर्भमा विकास व्यवस्थापनको परम्परागत मान्यतामा सामयिक परिवर्तनको आवश्यकता बोध भएको हो। यस सन्दर्भमा विकास प्रयासले गरिब केन्द्रित विकास, गतिशील र प्रभावकारी सार्वजनिक निजी साझेदारी, सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, वातावरणीय पक्ष, मानव अधिकारको संरक्षण, मानव सुरक्षा, सामाजिक सद्भाव, अन्य जीवित तथा गैरजीवित पक्षको अधिकारलाई सम्बोधन गर्नु आवश्यक मात्र होइन अपरिहार्य हुन गएको छ। विकास कार्यमा दक्ष जनशक्ति, वित्तीयलगायत अन्य साधनस्रोतको व्यवस्था, सूचनाको उपलब्धता, आन्तरिक र बाह्य विकास साझेदारको सहभागिता वैधानिक शक्तिको आवश्यकता पर्छ र विकास प्रयासले आर्थिक सामाजिक उन्नतिको अतिरिक्त उदीयमान अवधारणालाई सम्बोधन गर्नुपर्ने हुँदा विकास व्यवस्थापनले यी सबै पक्षको बीचमा सामञ्जस्य कायम गर्ने गर्छ।

विकास आवश्यकताको जननी हो। विकास हर क्षेत्रका लागि अपरिहार्य आवश्यकता हो। यो यथार्थता रहेको भए पनि विकास प्रयासले सबै ठाउँमा एउटै रूपमा सार्थक परिणाम दिइनरहेको स्थितिमा विकासोन्मुख र विकसित देशको बीचमा रहेको द्रुत गति र मन्दगतिको विकासले सिर्जना गरेको खाडल न्यूनीकरण गर्ने उद्देश्यले एडवर्ड वाउडनर, फ्रेडरिग्स, जोसेफ ला पलमवोरा, अल्वर्ट वाटर स्टोन, आरभिङ स्वेडलोले विकास प्रशासनको अवधारणा अगाडि सारे। विकास व्यवस्थापन एउटा जटिल विज्ञान हो किनकि विकास व्यवस्थापनको अवधारणा परम्परागत विकास प्रयासको अवधारणाभन्दा अलि फरक छ। यो एउटा रणनीतिक प्रक्रिया हो, जसले विकासलाई गरिबमुखी, दिगो, वातावरणमैत्रीजस्ता पक्षलाई मूल केन्द्रबिन्दु बनाई विकास साझेदार, साधनस्रोत, आन्तरिक र बाह्य सहकर्ताबीच साझा र समन्वयात्मक प्रयासको सुव्यवस्थापनमा जोड दिई विकास प्रयासलाई पारदर्शी र समावेशी बनाउने प्रयास गर्छ।

विकासको दायरालाई विस्तार गर्ने क्रममा विश्वको प्रशासनिक र आर्थिक आयाममा आएको परिवर्तनको सन्दर्भमा महिला सहभागिता, समावेशी विकास, सीमान्तकृत वर्गको उत्थान, दिगो विकास र पर्यावरण, गरिबी निवारण, आर्थिक उदारीकरणको सन्दर्भमा विकास प्रयासमा सरकार र साझेदारहरूको भूमिका निर्धारणजस्ता अन्तरसम्बन्धित विषय समसामयिक विषयको रूपमा देखिएका छन्।

तसर्थ, अबको विकास प्रयास भनेको देश विशेषको यथार्थताअनुरूप विकासको उपस्थिति अनुभव गर्न नपाइएको क्षेत्रमा विकास प्रयासको शीघ्र सुरुवात, विकास प्रयास थालनी भएका क्षेत्रमा विकास प्रयासलाई सामाजिक आर्थिक मापन सूचकाङ्क अनुकूल बनाई आत्मसन्तुष्टिको प्राप्तिको तहमा पुऱ्याउने र विकासका सामयिक विषयहरूलाई विकास प्रक्रियाले सम्बोधन गर्ने गरी अगाडि बढ्ने रणनीति लिनुपर्ने आवश्यकता देखिन्छ।

वि.सं. २००७ को राजनीतिक परिवर्तन, २००४ साल र २००८ सालबाट सुरु भएको संवैधानिक विकासपछि नेपाल विकास प्रयासतर्फ अग्रसर हुन थालेको हो। २००८ सालबाट बजेट ल्याउने प्रथाको सुरुवातबाट देशले वार्षिक वित्तीय नीतिमार्फत विकास कार्य सञ्चालन गर्न थालेको हो। २०१३ सालबाट सुरु भएको आवधिक योजनाको सुरुवातपश्चात् विकास प्रक्रियाले थप गति लिने अवसर पाएको हो। २०१३ सालमै निजामती सेवा ऐनको व्यवस्था भएबाट प्रतिस्पर्धी, दक्ष, निजामती कर्मचारी सरकारी सेवा प्रवाहको संयन्त्र तथा विकास कार्यको योजना निर्माण, रणनीति निर्माण र कार्यान्वयन गर्ने स्थायी अङ्गको रूपमा स्थापित हुन पुगे। विकासका भिन्न आयामबीच उचित सामन्जस्यता राखी विकासको उच्चतम प्रतिफल प्राप्तिका लागि विकास व्यवस्थापन एउटा समन्वयकारी प्रक्रिया भएकाले विकास योजनाको तर्जुमा, कार्यान्वयन, विकासका आन्तरिक र बाह्य सहकर्तासँगको सहकार्यलाई राष्ट्र विशेषको यथार्थ परिवेश र सन्दर्भअनुरूप विकासको प्रतिफल प्राप्त हुनुपर्छ भन्ने सर्वस्वीकार्य मान्यता हो, तथापि विकासका लागि आवश्यक रणनीति र कार्यान्वयन तत्परता रहँदारहँदै पनि विभिन्न कारणले विकास कार्यक्रमले अपेक्षा गरेअनुरूपका उपलब्धि प्राप्त गर्न कठिनाइ हुने र यसको दिगोपनाको सुनिश्चिततामा समस्या आउने गर्छन्। विकास व्यवस्थापनको मूल दायित्व भनेको यस्ता समस्याबारे पूर्वसचेतना अपनाइ विकासलाई सार्थक बनाउनु हो। नेपालको सन्दर्भमा नेपालको विकास रणनीति मूलतः राज्य निर्देशित विकास रणनीतिमा आधारित भए पनि विकासका अन्य वैकल्पिक तथा व्यवहारमूलक रणनीतिहरूको समेत सम्मिश्रण रहेको सन्दर्भमा यी सबै पक्षको साझेदारी महत्वपूर्ण बनाउनु नै हो। यसको अतिरिक्त संस्थागत सुदृढीकरण, नीतिगत व्यवस्थाको प्रभावकारिता अभिवृद्धि, अन्तर्राष्ट्रिय साझेदारीबाट बढी लाभान्वित हुने स्थितिको सिर्जना, विकासका समयानुकूल प्राथमिकता र प्रारूपको चयनमा विशेष गम्भीरता देखाउनेजस्ता व्यवस्थापकीय आयाममा सुधारको आवश्यकता देखिन्छ।

# गठबन्धनको पक्षमा जनमत



• श्रीमननारायण

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधान २०७२ को धारा ७६ (२) अनुसार नयाँ सरकारको गठनका निम्ति राजनीतिक दलहरूलाई आह्वान गर्नुभएको छ। संविधानको धारा ७६ (१) अनुसार प्रतिनिधि सभामा कुनै पनि एक दलसित आवश्यक बहुमत नरहेका कारण राष्ट्रपतिले धारा ७६ को उपधारा (२) अनुसार नयाँ सरकार गठनको निम्ति आह्वान गर्नुको विकल्प थिएन। पुस १० गतेभित्रमा दुई वा दुईभन्दा बढी राजनीतिक दलले मिलेर आवश्यक बहुमत जुटाई नयाँ सरकार गठनका निम्ति दाबी गर्न सक्नेछन्।

अहिले अस्तित्वमा रहेको सत्ताधारी गठबन्धनले भर्खरै सम्पन्न निर्वाचनमा राम्रो प्रदर्शन गरेका कारण यसले चाहेमा नयाँ सरकार गठनको दाबी गर्न सक्छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको अहिलेको गठबन्धन सरकारले प्रतिनिधि सभामा १३२ सिट हासिल गरेको छ, जबकी यसको चुनावका सहयोगी लोकतान्त्रिक समाजवादी पार्टीले चार सिट हासिल गरेको छ। सत्ताधारी गठबन्धनका दलभित्र सामन्जस्य रहेमा नयाँ सरकारको गठनमा समस्या नआउने निश्चित छ। देशमा राजनीतिक स्थायित्वका लागि र देशको द्रुत आर्थिक विकासका लागि यसै गठबन्धनले निरन्तरता पाए हुन्थ्यो भने व्यापक जनमत छ। हालै सम्पन्न निर्वाचनको परिणाम यसैको संकेत हो। राजनीतिमा दलीय र पदीय महत्वाकांक्षा हुनु स्वाभाविकै हो तर वर्तमानको जटिल राजनीतिक अवस्थामा देशले राजनीतिक स्थायित्व प्रदान गर्न सक्ने सरकारको उपस्थिति हेर्न चाहेको छ। संघीय सरकार बलियो भएन भने यसको असर प्रादेशिक सरकारको स्थायित्व माथि पनि पर्न सक्नेछ। सत्ताधारी गठबन्धनका नेताहरू अनुभवी परिपक्व र जिम्मेवार पनि छन् तसर्थ नयाँ सरकारको गठनमा समस्या उत्पन्न नहुने निश्चित छ।

नेपाली जनताले पाँच वर्षअघि वामपन्थी गठबन्धनलाई झन्डै दुईतिहाइ बहुमत प्रदान गरी देशमा राजनीतिक स्थायित्व नै चाहेका थिए तर दुर्भाग्य त्यस जनादेशको सम्मान हुन सकेन। यस पटक पनि नेपाली जनताले गठबन्धन सरकारकै लागि सामान्य बहुमत दिएका छन् तसर्थ प्राप्त जनादेशको सम्मान हुनुपर्छ। प्रत्येक वर्ष सरकारको नेतृत्व फेरि रहने अवस्थाबाट जनता दिक्क भइसकेका छन्। राजनीतिक स्थायित्व नहुँदा कुनै पनि सरकारले न कुनै योजना अघि ल्याउन सकिरहेको हुन्छ न ती योजनाको कार्यान्वयन नै हुन सकिरहेको हुन्छ। एक किसिमले हाम्रो देशमा सत्तालाई उपभोगको साधन मान्ने काम मात्रै भई आएको छ। भद्र सहमतिको नाममा सत्ता भागबण्डा नै एक मात्र साझा लक्ष्य देखिएको छ। सायद त्यही भएर होला देशका राजनीतिक दलहरू यस अन्तिम लक्ष्यको प्राप्तिका लागि सिद्धान्त र विचारलाई तिलाञ्जलि दिई थरीथरीका गठबन्धनको सरकार बनाउन प्रयत्नशील रहन्छन्। नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपश्चात्का विगत ७२ वर्षमा आजसम्म कुनै पनि सरकारले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्न सकेको छैन।

२००७ सालदेखि लिएर २०१७ साल तथा पञ्चायती शासनको ३० वर्षको अवधिको चर्चा नगर्ने हो भने पनि विगत ३२ वर्षको राजनीतिक इतिहासले पनि यसै दुःखद परम्परालाई निरन्तरता दिएको देखिन्छ। विगत ३२ वर्षमा २७ वटा सरकार अस्तित्वमा आए नेपालजस्तो अल्पविकसित देशमा राजनीतिक स्थायित्व कायम भएन भने देश आर्थिक समृद्धिको बाटोमा कसरी लम्कन सक्छ। प्रजातन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा नेपाली नागरिकले राजनीतिक स्थायित्वको अनुभूति किन गर्न सकेनन्।

पटक पटक सरकारको नेतृत्व उही पुरानो राजनीतिक दल र तिनका नेताले गर्दै आएका छन्। हामी व्यवस्था परिवर्तन गरेर पनि हेऱ्यौँ, संविधान परिवर्तन गरेर पनि हेऱ्यौं, विगत १५ वर्ष देखि देश-विदेशको सिको गर्दै निर्वाचन प्रणालीमा पनि केही परिवर्तन गरेर हेऱ्यौँ तर समस्या जस्ताको तस्तै किन छन्। एकातिर संविधानमा नै त्रुटि रहेकोले यसमा आवश्यक संशोधन भएमा मात्रै देशमा राजनीतिक स्थायित्व कायम हुने तर्क गर्नेहरू पनि छन् भने अर्कोतिर निर्वाचन प्रणालीबाट समानुपातिक प्रणाली हटाइएमा मात्रै राजनीतिक स्थायित्व कायम हुने विश्वास राख्नेहरूको जनमत पनि कम छैन। देशका कतिपय प्रमुख राजनीतिक दलहरू त पूर्ण रूपमा समानुपातिक निर्वाचन प्रणाली नै कायम हुनुपर्ने तर्क पनि गरिरहेका छन्। देशका बौद्धिक वर्ग राजनीतिक स्थायित्वको बारेमा चिन्ता गरिरहेका छन्।

अब नयाँ सरकारको गठनतिर देशकै ध्यान केन्द्रित भएको छ। चुनावअघि अस्तित्वमा आएका दुवै गठबन्धनमध्ये कुनै एक एकले निर्वाचनमा आवश्यक बहुमत संख्या हासिल गर्न नसकेका कारण नयाँ सरकारको गठनका बारेमा पनि विचार विमर्श भइरहेका छन्। सत्ताधारी गठबन्धनले फेरि पनि सरकारको नेतृत्व गर्ने सम्भावना देखिन्छ। अब आउने सरकारले देशमा राजनीतिक स्थायित्व प्रदान गरोस् र मुलुकलाई आर्थिक समृद्धिको बाटोमा डोऱ्याओस् भने आमजनताको चाहना छ।

संघीय संसद् प्रतिनिधि सभाको सबै २७५ स्थानको निर्वाचन परिणाम सार्वजनिक भइसकेको छ। जसअनुसार सत्ताधारी गठबन्धनमा सामेल र वर्तमानको गठबन्धन सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसले ८९, नेकपा माओवादी केन्द्रले ३२, नेकपा -एकीकृत समाजवादी) ले १० र राष्ट्रिय जनमोर्चाले १ गरी कुल १३२ सिट प्राप्त गरेको देखिन्छ। चुनावताका लोकतान्त्रिक समाजवादी पार्टी पनि गठबन्धनमा सामेल भएका कारण यस गठबन्धनको कुल संख्या संसदमा १३६ हुन जान्छ जुन सरकार गठनको निम्ति आवश्यक १३८ भन्दा दुई कम मात्रै रहेको छ। स्वतन्त्र रूपमा पनि पाँच सांसद निर्वाचित भएर आएका छन्, तसर्थ सत्ताधारी गठबन्धनलाई सरकारको गठनमा समस्या नहोला। नेकपा एमाले नेतृत्वमा रहेको गठबन्धनमा चुनावमा एमालेको ७८, राप्रपा १४ र जसपा १२ गरी कुल १०४ को संख्या रहेको मानिन्छ। हुन त चुनावपश्चात् नै जसपाका अध्यक्षले एमालेसितको हाम्रो सहयात्रा टुङ्गिएको भनेका थिए तर सोही पार्टीका एक जना वरिष्ठ नेताले उनको भनाइको खण्डन गरेका कारण जसपा अहिले पनि एमालेकै नजिक रहेको मान्नुपर्ने हुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टीको २० सांसदले पनि एमाले गठबन्धनलाई सहयोग गर्ने सम्भावना रहेको छ। सत्ताधारी गठबन्धन एकजुट रहेमा एमाले नेतृत्वमा नयाँ सरकार बन्न सम्भव देखिँदैन।

राष्ट्रपतिबाट आह्वान भएअनुसारको नयाँ सरकार अस्तित्वमा आओस् भने जनचाहना छ। दुवै छिमेकी मित्र राष्ट्रसित मित्रवत् सम्बन्ध राखी नेपाल र नेपाली जनताको बृहत्तर हित हुने खालको नीति र कार्यक्रम ल्याओस्। विश्वव्यापी आर्थिक मन्दीसित मुकाबिला गर्न केही ठोस नीति एवं कार्यक्रम ल्याओस् र विगतमा भएका कमीकमजोरी र असफलताबाट सबक लिई एउटा प्रस्ट ' भिजन' सहित देश विकासमा लागोस् भने नै जनचाहना हो। दक्षिण एसियाकै श्रीलङ्का आर्थिक मन्दीको चपेटामा परिसकेको छ, पाकिस्तानको अवस्था धेरै राम्रो छैन। आर्थिक रूपले हाम्रो देश पनि चुनौतीमुक्त छैन।

नयाँ नयाँ दल जिम्मेवार हुन सक्दैनन्। तसर्थ पुरानै दलहरू राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकतामा राखी अगाडि बढेमा देश अगाडि बढ्न सक्नेछ। ठोस राजनीतिक सङ्गठन, पृष्ठभूमिसहितको नेतृत्व र वैकल्पिक नीति एवं कार्यक्रमबिना कुनै पनि राजनीतिक दल धेरै लामो समयसम्म टिक्न सक्दैन। घृणा द्वेष एवं आक्रोशको भरमा जनतालाई आन्दोलनमा मात्र जुटाएर गरेर केही हुँदैन। केही समयको निम्ति आन्दोलनको आँधी बेहरी ल्याउन सकिन्छ, त्यसैको बलमा एक दुईवटा चुनावमा सफलता हासिल गर्न सकिन्छ तर उल्कापातझैँ चम्किएर आउने यस्ता दल र नेतृत्व उल्कापातझैँ विलिन हुन समय पनि लाग्दैन।

मधेशवादी दल र माओवादीका कतिपय नेताको उत्थान र पतन यसका उदाहरण हुन्। तसर्थ, स्थापित एवं जिम्मेवार राजनीतिक दलहरूले आफ्नो जवाफदेहीलाई मनन गरी राजनीतिक स्थायित्व प्रदान गर्ने खालको सरकारको गठनका लागि प्रयास गर्नुपर्छ।

# यसवर्ष हिउँदमा कम पानी पर्छ



• डा. विनोद पोखरेल

हिउँदे बर्खामा थोरै पानी पर्छ तर पनि महत्वपूर्ण छ । हिउँदे बर्खा तीन वटा कारणले महत्वपूर्ण छ । एउटा भनेको कृषिको लागि । अर्को भनेको वातावरणमा भइरहेको अहिलेको प्रदूषण हटाउन मद्दत गर्छ । तेस्रो भनेको डढेलो लाग्ने समय आउँदैछ त्यो घटाउने वा बढाउनेमा महत्वपूर्ण योगदान गर्छ ।

यो वर्षको सिजनल फोरकास्ट अर्थात् करिब ३ महिनासम्मको प्रक्षेपण जुन सामान्यतया मिल्छ । कति कम कति बढीभन्दा पनि कम र बढीमा मिल्ने सम्भावना हुन्छ । यसरी अहिले आगामी १५ दिन तुरुन्तै पानी पर्ने सम्भावना देखिँदैन । र, अर्को तीन महिना पनि सुक्खा हुने देखिन्छ । एक/दुई वटा झरी आउँला नआउँला भन्न सकिन्न तर समग्रमा जति झरी पर्नुपर्ने हो त्यति पर्ने देखिँदैन ।

नेपालमा मुख्यतया मनसुनको बेलामा र हिउँदमा पानी पर्छ । बर्खामा मनसुन बंगालको खाडीबाट नेपाल प्रवेश गर्छ । त्यो एकदमै शक्तिशाली हुन्छ र लगातार तीन महिना आइरहन्छ । त्यहाँबाट पानीको वाफ नियमित प्रवाह भइरहन्छ । जाडोमा मेडिटेरेनियन सागर भएको क्षेत्रबाट आउँछ । त्यहाँबाट पानी आउनको लागि हावामा पानीको वाफ कति छ त्यो भर पर्छ ।

अर्को भनेको हाम्रो मेट्रोलोजीको भाषामा त्यहाँबाट आउने प्रणालीलाई वेदर डिस्टर्बेन्सेस अर्थात् मेडिटेरेनियन सागरको हावामा भएको जलवाष्प हाम्रो क्षेत्रसम्म आउने प्रक्रियालाई पश्चिमी वायु भनिन्छ । जाडो महिनामा सधैँ पश्चिमबाट आउने हुनाले यसलाई पश्चिमी वायु भनिन्छ । मनसुनी वायु भने दक्षिण पूर्वी बंगालको खाडीबाट आउँछ । समुद्र र जमिनको तापक्रमको फरकले गर्दा जुन हावा बग्छ, त्यसलाई मनसुन भनिन्छ । मनसुनमा हावाको दिशा उल्टो हुने गर्छ ।

जाडोमा मनसुन पश्चिम तथा गर्मीमा पूर्वबाट आउने गर्छ । गर्मीमा दक्षिण एसिया बंगालको खाडी र अरेबियन सागरभन्दा तातो हुन्छ । त्यसकारण अलि चिसो ठाउँबाट हावा तातो ठाउँतिर आउने भयो । तर, अहिले भने ठ्याक्कै उल्टो हुन्छ ।

अहिले चाहिँ जमिन बढी चिसो हुन्छ, पानी बढी तातो हुन्छ । त्यसले गर्दा जमिनबाट हावा समुद्रतिर जाने भयो । त्यसकारण पश्चिमतिर, दक्षिणतिर जाने भयो । गर्मीमा भने पूर्वबाट उत्तरतिर आउँछ । जुन त्यस प्रकारको फरक खालको हावाको गति हुन्छ त्यसले नै हिउँदे र बर्खे मनसुनको दिशा फरक हुन्छ ।यस पटक जलवाष्प बोकेर आएको मनसुनी वायु नै कम आउने कारणले कम वर्षा हुन्छ । यस पटक धेरैले याद गरेको पोहोर, परारभन्दा अलि न्यानो छ । त्यो भनेको पश्चिमी वायुले हावामा जुन पानीको वाफ बोकेर आउँथ्यो त्यो सँगसँगै चिसो तापक्रम पनि लिएर आउँथ्यो र पानी पनि पर्थ्यो । तर, यसपटक त्यो जलवाष्प कम भएका कारण पानी र मौसममा चिसो दुवै कम हुने देखिएको हो ।

अहिले हिउँदमा तुलनात्मकरुपमा न्यानो हुनु र कम पानी पर्नुको धेरै वटा कारण छन् । एउटा भनेको जलवायु परिवर्तन हो । जलवायु परिवर्तनको प्रत्यक्ष असर भनेको तापक्रम वृद्धि नै हो । यसले गर्दा जुन किसिमको हावाको गति वा पानीको बहाव, पानीको वाफ जति हुनुपर्ने हो त्यति छैन । भनेपछि सबैकुरा भइरहेको भन्दा फरक भयो ।

अहिले हाम्रोमा पश्चिमी वायु नआउनुको कारण भनेको अहिले डिसेम्बर महिनामा भारतमा एउटा सामुद्रिक आँधी आयो । त्यहाँका एक जना साथीसँग डिसेम्बर महिनामा सामुद्रिक आँधी आउनु भनेको सामान्य होइन भन्ने कुरा थाहा भयो । सामुद्रिक आँधी भनेको समुद्र तातो भएपछि आउने हो । तर, डिसेम्बरमा त त्यस्तो नहुनु पर्ने हो । त्यहाँ अहिले पनि समुद्र तातो भएर न्यूनचापीय रेखा बनिरहेको अवस्था छ । त्यो र हाम्रो पश्चिमी वायु आउनु पर्ने बाटो दुई वटाको बीचमा टक्कर परेर यसले त्यसलाई रोकिरहेको अवस्था छ ।

एउटा कारण यो हो र यसले कति प्रतिशत हिउँदे मनसुन रोकियो त्यसको अध्ययन हुन बाँकी छ । अर्को भनेको जलवायु परिवर्तनले तापक्रम वृद्धि भयो । अन्य युरोपियनहरुले गरेको अध्ययनबाट के देखिन्छ भने मेडिटेरेनियन सागरमा जति वाफ हुनुपर्थ्यो त्यहाँको जलस्रोत लेक तथा नदीहरुमा पानी घट्दै गएको देखिन्छ । पानी कम भएका कारण वाफ कम भयो । यो अर्को कारण हुनसक्छ ।

यसो हुँदा कहिलेकाहीँ हावा आए पनि पानी नबोकी आउने भयो । हामीकहाँ हावा आएर चिसो हुनसक्ला तर, पानी नपर्न पनि सक्छ । यसको असर उत्तरी भारत तथा उत्तरी पाकिस्तानमा पनि देखिएको छ । यो क्षेत्रमा जति पानी पर्नुपर्ने हो त्यति परेको छैन । र, आगामी तीन महिनामा पनि त्यही कुरा देखिन्छ । पूरै दक्षिण एसियामा पानी पनि कम पर्ने, वायु प्रदूषण पनि बढ्ने र डढेलो पनि बढ्ने देखिन्छ ।

**कसरी मिल्न थाल्यो पूर्वानुमान ?**

सबैभन्दा प्रमुख कारण भनेको प्रविधिको विकास नै हो । अहिले हामी जल तथा मौसम विज्ञान विभागकै मौसम नहेरे पनि विश्वका अन्य मौसम पूर्वानुमानमार्फत नेपालको मौसम हेर्न सक्छौँ । जल तथा मौसम विज्ञान विभागमा पहिले काम गर्ने साथीहरुसँग पनि पहिले त्यस किसिमको कम्प्युटरहरु थिएन, प्रविधि थिएन । अहिले प्रविधि सरल र सहज भएको छ ।

दोस्रो भनेको अहिले भएका साथीहरुले बाहिर जाने, पढेर आउने, तालिम गर्ने विभिन्न अवसर पाउनु भएको छ यसले दक्षता वृद्धि भएको छ । जल तथा मौसम विज्ञान विभागमा पहिले काम गर्ने साथीहरुले पुरै टेबलमा नक्सा राखेर पूर्वानुमान गर्नुहुन्थ्यो । त्यो नक्सामा नेपालको तथ्याङ्क पनि थोरै थियो । अहिले भने तथ्याङ्क पनि धेरै छ ।

हामीले पूर्वानुमानको कुरा गर्दा अहिलेको अवस्था थाहा हुनुपर्यो । त्यसका लागि उपकरणहरु हुनुपर्यो । अहिले भइरहेको उपकरण, जनशक्ति, तालिम तथा प्रविधिले यसमा सहयोग गरेको छ । भविष्यमा अझै धेरै मिल्ने अवस्था देखिन्छ । अनि अर्को कुरा अहिले हामी धेरैको हातमा मौसमसम्बन्धी निःशुल्क उपलब्ध आधिकारिक एप तथा वेवसाइटहरु छन् ती विश्वसनीय छन् । तर, उसो भए किन जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान किन चाहियो त भन्ने प्रश्न पनि उठ्न सक्छ । त्यो भनेको संसारभरको एकैपटक एउटै मोडलबाट निकालिएको पूर्वानुमान हो । त्यसमा हामीले काठमाण्डौ, पोखरा वा चितवन भनेर ठाउँ हाल्दा पनि त्यसमा खासै फरक देखाउँदैन । त्यसमा समग्र उस्तै उस्तै आउँछ । तर, पछि जल तथा मौसम विज्ञान विभागले नेपालको अवस्थालाई हेरेर छुट्टै फेरि पूर्वानुमान गर्छ । यहाँ नेपालकै लागि मात्र भनेर फोरकास्टिङ मोडल रन गरिन्छ । त्यहाँबाट आउने पूर्वानुमान तुलनात्मक सुधारिएको हुन्छ ।

यसमा पनि बर्खाको मनसुनभन्दा हिउँदको मनसुन प्रक्षेपण धेरै मिल्छ किनकि त्यहाँ पश्चिमी वायुको बाटो मजाले देखिन्छ । बर्खामा पानी पर्छ भन्न सजिलो छ । तर, अधिक वर्षाको पूर्वानुमान भने गाह्रो छ । मौसममा स्थानीय प्रभाव पनि रहन्छ । त्यो भनेको त्यहाँबाट हावामा आउने पानीको वाफ जसलाई हामी स्थानीय स्रोत भन्छौँ त्यो कहीँबाट आउने छ कि छैन भन्ने हुन्छ एउटा ।

पोखरामा बढी पानी पर्नुको कारण मानिसहरुले फेवातालका कारण हो भनेर सोच्छ । तर, त्यसो होइन । त्यहाँ बंगालको खाडीबाट आउने हावा, पोखराको बनावट, त्यसको गति, जहाँ गएर ठोकिनुपर्ने हो त्यो बाटो आदिका कारण त्यहाँ बढी पानी पर्छ । काठमाण्डौमा सुन्दरीजल, शिवपुरी, नगरकोट आदि ठाउँमा बढी पानी पर्छ । हावामा वाफ पनि बढी र गहिराइ पनि बढी हुँदा त्यस क्षेत्रमा बढी पानी पर्ने गर्छ । यस पटक काठमाण्डौको मौसम शून्य वा त्योभन्दा कम हुँदैन भनेर अहिले भन्न सकिन्न । सरदरमा पनि यसरी भन्न सकिन्न । सरदर भनेको तीन महिनाको हो । काठमाण्डौमा तापक्रम शून्यभन्दा तल जान पश्चिमी वायु नै आउनु पर्छ । पानी परेपछि पनि बादल लाग्यो भने त न्यानो हुन्छ । तर, आकाश खुला भयो भने झनै चिसो हुन्छ । त्यसकारण यदि माघमा पानी पर्यो भने जाडो हुने र पानी पर्ने सम्भावना सरदरमा कम भने पनि काठमाण्डौको मौसम शून्यभन्दा तल जाने सम्भावना अझै रहन्छ । काठमाण्डौमा लामो समय शून्य वा माइनस नभए पनि एक/दुई दिन हुने सम्भावनालाई भने नकार्न सकिँदैन । लामो समय नहुनु भनेको त तापक्रम वृद्धि वा जलवायु परिवर्तनको प्रभाव हो ।

आगामी १५ दिनको अहिलेसम्मको अवस्था हेर्दा प्रष्टरुपमा पानी पर्ने सम्भावना छैन । यसमा अवस्था परिवर्तन पनि हुनसक्ला । कतिपय अवस्थामा हाम्रो पूर्वानुमान नमिल्नुको कारण के हो भने पूर्वानुमान अहिलेको अवस्थालाई लिएर गरिन्छ कहिलेकाहीँ आकस्मिक परिवर्तन पनि हुन्छ । तर, अहिलेको हिउँदे वर्षाको सम्भावनामा भने केही परिवर्तन हुँदैन । बर्खामा जस्तो भारी वर्षा हुने सम्भावना एक/एक घण्टामा परिवर्तन हुन्छ अहिले त्यस्तो चाहिँ हुँदैन ।

काठमाण्डौमा केही दिनदेखि वायु प्रदूषण बढी सकेको छ । काठमाण्डौ उपत्यका भएका कारण यहाँ भएको प्रदूषण बाहिर जान पाउँदैन । अहिले हावा नचलेर प्रदूषण झन बढेको छ । तल्लो तहमा जति हावा छ त्यो स्थिर भएर यहीँ बसिरहने खालको छ ।

**कसरी सचेत रहने ?**

डढेलोको बारेमा भन्नुपर्दा हामीले त अहिलेदेखि नै सचेत हुनुपर्ने अवस्था छ । किनभने अहिलेदेखि सुक्खा हुँदै हुँदै गएर, सुक्खा बढ्दै गएर अहिले नै धेरै आगलागीको घटना देखिँदैन । तर, समग्रमा जोडिँदै जोडिँदै गएर अर्को महिना, दुई महिनापछि विकराल अवस्था आउन सक्छ यदि पानी नपर्ने हो भने ।

हिउँदे बालीमा किसानले लगाउने गहुँ तथा कोदोको कुरा गर्दा यी बालीलाई धेरै पानी चाहिँदैन । एक पटक अथवा दुई पटक चाहिने हो । अहिले पानी लगाइहाल्ने बेला भएको छैन । बर्खाको मनसुनले जमिन अझै चिसो पनि छ । ठूलो परिमाणमा कसैले कृषि बाली तरकारी आदि लगाएको छ भने त्यसमा पानी एक/दुई पटक लगाउनु पर्ने हुनसक्छ । त्यसको लागि सोच्नुपर्ने अवस्था आउन सक्छ । सरकारले यदि सहयोग गर्न सक्छ भने किसानसँग सम्बन्धित निकायले ध्यान दिनुपर्यो ।

वायु प्रदूषणको कुरा गर्दा त्यसको एउटा स्रोत गाडी भयो । त्योसँगै भक्तपुर क्षेत्रमा चिम्नी भट्टाहरु अहिले पनि त्यत्तिकै छ । अहिले पनि वायु प्रदूषणको मात्रा हेर्नुभयो भने भक्तपुरमा जहिले पनि बढी नै देखिन्छ । हावा पश्चिमबाट आउँछ अनि त्यहीँ गएर थुप्रिएर बस्छ । अनि त्यहाँबाट फेरि पनि प्रदुषण हुन्छ भने त्यसलाई नियन्त्रण गर्न व्यवसायी, सरकार वा पालिका मिलेर व्यवसायलाई असर नगर्ने गरी केही गर्न सकिन्छ कि ।

अर्को भनेको हामीकहाँ ठूलो परिणाममा नभए पनि खेतबारीमा आगो लगाउने र घर वरपर फोहोर बाल्ने चलन छ । त्यसबाट निस्कने धुवाँ पहिलो त आफ्नो स्वास्थ्यको लागि हानिकारक त भइहाल्यो । त्यो सँगसँगै त्यो गएर लामो समय वातावरणमा बस्छ । त्यसले पनि असर गर्ने भयो ।

यसकारण प्रदूषण कम गर्न सकभर काम नपरी गाडी नचलाउने र, सबैभन्दा सावधानी अपनाउनु पर्ने भनेको डढेलोमा हो । एकदमै सानो गल्तीले ठूलो दुर्घटना हुन्छ । वनमा लाग्ने डढेले त छँदैछ घरहरुमा पनि त्यत्तिकै सचेत हुनुपर्छ । त्यसका लागि व्यक्ति, व्यक्ति सचेत हुनुपर्छ । जाडो छ भनेर घरमै आगो तापेर बसेर र कहिलेकाहीँ निसासिएर ज्यान गएका धेरै घटना छन् ।

डढेलो नियन्त्रण गर्न वन, पालिका, जल तथा मौसम विज्ञान विभाग, विपद् व्यवस्थापन आदि मिलेर जनचेतना तथा आपसी समन्वयमा सतर्कता अपनाउने । विदेशतिर यस्तो अवस्थामा अरु बेलामा पिकनिक मनाउन पाउने जंगलमा पनि यस्तो बेलामा आगो बालेर पिकनिक मनाउन दिइँदैन । नेपालमा पनि यस्तो गर्न सकिन्छ । नेपालमा ९० प्रतिशतभन्दा धेरै आगलागी मान्छेका कारण भएका छन् । त्यसकारण यस्ता कुरामा सचेत र समन्वय गरेका खण्डमा प्राकृतिक विपदबाट सजिलै जोगिन पनि सकिन्छ ।

# रोटरी क्लब भद्रपुरद्वारा व्हील चियर वितरण




भद्रपुर(प्रस) । रोटरी क्लब अफ भद्रपुरले व्हील चियर वितरण गरेको छ । आर्थिक अवस्था कमजोर भएका चारजना असक्त अपाङ्गहरुलाई छनोट गरी क्लबले व्हील चियर वितरण गरेको हो ।

बुधवार भद्रपुरमा आयोजित एक संक्षिप्त कार्यक्रममा क्लबका चार्टर प्रेसिडेन्ट किशोर पराजुलीले उक्त व्हील चियर वितरण गरेको रोटरी क्लब अफ भद्रपुरका प्रेसिडेन्ट ईश्वर अधिकारीले जानकारी दिए ।

व्हील चियर पाउनेहरूमा भद्रपुर- ३ निवासी १७ वर्षीय लेखनाथ गनगाई, भद्रपुर- २ निवासी १० वर्षीय प्रसन्न राई, भद्रपुर- ४ निवासी ३८ वर्षीय दिनलाल माझी र हल्दीवारी- ३ निवासी १६ वर्षीय मेघराज ढुङ्गेल रहेका छन् । करिब ५० हजार मूल्य बराबरको ४ थान व्हील चियर वितरण गरिएको क्लबका सचिव पवन श्रेष्ठले जानकारी दिए ।

रोट्र्याक क्लब अफ भद्रपुरको सहआयोजना भएको कार्यक्रमको औचित्यमाथि क्लबका पास्ट प्रेसिडेन्ट टिकाराज ढकालले प्रकाश पारेका थिए । क्लबका प्रेसिडेन्ट अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका पास्ट प्रेसिडेन्टहरू दीपेश ढकाल, आदित्य पराजुली, विगत ओझा , प्रेसिडेन्ट इलेक्ट विनोद चापागाईँलगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रमका अर्डिनेटर कविन राईले जानकारी दिए ।

# विद्यार्थीमाथि कुटपिट गर्ने प्रअलाई हटाइयो

बिर्तामोड(प्रस) । झापा बिर्तामोड -२ स्थित चारपानेमा रहेको साङ्गवेद संस्कृत माविका विद्यार्थीहरु आन्दोलित भएका छन् ।



विद्यालयका प्रधानाध्यापक दामोदर न्यौपानेले गत मंसिर २१ गते एक विद्यार्थीमाथि निर्घात कुटपिट गरेको विषयलाई लिएर विद्यार्थीहरु आन्दोलित भएका हुन् । विद्यालयका प्रअ न्यौपानेले विद्यार्थीलेविद्यालय परिसमा गीत गाएको कारण उनलाई घोप्टो पारेर मुक्का हानेको प्रत्यक्षदर्शी विद्यार्थीहरुले बताएका छन् । प्रअले विद्यार्थी पिताम्बर पौडेलमाथि निर्घात कुटपिट गरेपछि विद्यार्थीहरु आन्दोलित बनेका थिए । उनीहरुले मंसिर २१ गतेदेखि नै प्रअको राजीनामा माग गर्दै लगातार कक्षा

❖ बाँकी अन्तिम पृष्ठमा

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८२६६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

**वृष** कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन** यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

**कर्कट** शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

**सिंह** परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

**कन्या** आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

**वृश्चिक** आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

**धनु** धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

**कुम्भ** मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

**मिन** दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।